संघीय संसद

राष्ट्रिय सभा

चौधौं अधिवेशन

बैठक-१६

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्‌क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०१ बजे*

*बैठक स्थगित : २:२७ बजे*

२०८० असार १० गते, आइतवार (पहिलो)

---

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको सोह्रौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ०१:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले विशेष समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भइसकेको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय भैरव सुन्दर श्रेष्ठ**ले विपदबाट प्रभावितका लागि आवश्यक व्यवस्थापन गर्न अनुरोध गर्नुहुँदै सम्माननीय प्रधानमन्त्रीले भारत भ्रमणका क्रममा उठाउनुपर्ने कतिपय विषयहरू उठाउन नसकेको बताउनुभयो। सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमणमा क्रममा सरकारले भारतसँग गरेका सम्झौताको बारेमा सदनलाई जानकारी दिनुपर्ने बताउनुभयो।

**माननीय युवराज शर्मा**ले नागरिकताको समस्या समाधानका लागि सरकारले पहल गर्नुपर्ने बताउनुभयो। देशका विभिन्न ठाउँमा आधुनिकताका नाममा नेपाल कङ्‌क्रिटको जङ्गल बन्दै गइरहेको र यसले नेपालको मौलिकता हराउँदै गइरहेकोप्रति दुःख व्यक्त गर्नुभयो। नेपाल र भारतको सम्बन्ध सुमधुर बनाउन सरकारले पहल गर्नुपर्ने र मनसुनसँगै आउने विपदको व्यवस्थापनमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

**माननीय मदन कुमारी शाह (गरिमा)** ले कैलालीको गेटामा राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाउने कुरालाई जनताले स्वागत गरेको भएपनि बजेटमा एक सय सैयाको अस्पताल बनाउने विषय समावेश भएकाले त्यहाँका जनताहरू आन्दोलित भएको बताउनुभयो। सुदुरपश्चिम पञ्चायतकालमा भन्दा गणतन्त्र प्राप्तिपछि थप उपेक्षित बनेको बताउनुभयो। २०७३ फागुन १ गते काठ तस्करी र प्रहरीबीच झडप हुँदा प्रहरी जवान घाइते भई सहायता मागेको र उक्त सहायताका लागि स्थानीयवासी घटनास्थलमा जाँदा प्रहरीले आक्रमणकारी ठानी गोली चलाएको घटनामा स्थानीय विरेन्द्र जैसी प्रहरीको गोलीबाट घाइते हुनुभएकोमा उहाँको उपचार र जीविकोपार्जनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय खिमलाल देवकोटा**ले आज स्थानीय तहले बजेट पेस गर्ने दिन भएकोले बजेटमा समावेश गरिने विषयहरूमा लोकतान्त्रिक मूल्य र मान्यता तथा संघीय लोकतान्त्रिक गणतन्त्रका अवधारणाहरूलाई आत्मसात् गर्नुपर्ने बताउनुभयो। केही समय अघि अमेजन जङ्गलमा विमान दुर्घटनामा परेर चालिस दिन पछि जीवितै उद्धार गरिएको बालबालिकाहरूको उदाहरण दिनुहुँदै उनीहरू चालिस दिनसम्म जीवितै रहनुको कारण सम्पदा प्रतिको ज्ञान भएकाले नेपालका बालबालिकालाई पनि नेपालका प्राकृतिक सम्पदा र सामाजिक मूल्य र मान्यताहरूसँग परिचित गराउनुपर्ने बताउनुभयो।

**माननीय राधेश्याम पासवान**ले सम्माननीय प्रधानमन्त्रीले भारत भ्रमणबाट फर्किएपछि सदनमा जवाफ दिनुभएको तर विपक्षी दल अझै सदनमा जवाफ मागिरहेको बताउनुभयो। यसले कस्तो संस्कारको विकास हुँदै छ भनी प्रश्न गर्नुभयो। नागरिकता विधेयकमाथि उठिरहेको विरोधले अचम्म लागेको बताउनुहुँदै तराईका दलित, मुस्लिमहरूले कति समय अनागरिक भएर बस्नुपर्ने हो भनी प्रश्न गर्नुभयो।

**माननीय दिल कुमारी रावल थापा (पार्वती)**ले मनसुनसँगै शुरुवात भएको विपदको उचित व्यवस्थापन गर्नुपर्ने बताउनुहुँदै नेपालको संविधान बमोजिम वर्तमान सरकार नचलेको बताउनुभयो। आगामी वर्षको बजेटमा पनि पहुँचवालाको नै बोलवाला रहेको जस्तो देखिएको बताउनुभयो। राष्ट्रिय गौरवका आयोजनाहरूको सञ्चालन र कार्यान्वयनका लागि छुट्टै कानुनको निर्माण गर्न र बजेटको अभाव हुन नदिन सरकारले ध्यान दिनुपर्ने बताउनुभयो।

**माननीय नारायण दत्त मिश्र**ले सरकारले रासायनिक मलको पर्याप्त व्यवस्था गर्न नसकेको तर भारतबाट कृषकले किनेर ल्याएको थोरै मल पनि सरकारले खोस्ने प्रचलन गलत भएको बताउनुभयो। गाउँ गाउँमा विकासका नाममा बाटोघाटो पुगेका तर यसले सबभन्दा न्यून आय भएका, ज्याला मजदुरी गर्ने नागरिकको आम्दानीको स्रोत बन्द गरिदिएको बताउनुभयो। सरकारमा हुँदा एउटा कुरा गर्ने र प्रतिपक्षमा हुँदा अर्को कुरा गर्ने परिपाटी बन्द गर्नुपर्ने बताउनुभयो।

**माननीय सुमित्रा बि.सी**ले देशका विभिन्न भागमा भएका बाढीपहिरो जस्ता विपदका घटनाप्रति दुःख व्यक्त गर्नुहुँदै बालबालिकाको संरक्षण र उचित व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय माया प्रसाद शर्मा**ले संसदीय अभ्यासमा संसदको मर्यादाप्रति ध्यान दिनुपर्नेमा जोड दिनुभयो। मध्यपहाडी राजमार्गको जाजरकोट, रुकुम क्षेत्रमा पुल बनाउने हल्ला लामो समयदेखि सुन्दै आइरहेको तर हालसम्म पनि निर्माण कार्य हुन नसकेको बताउनुभयो। जाजरकोटमा गाईवस्तुमा अनौठो रोग देखा परेको बताउनुहुँदै त्यसको समाधानको लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। २०१३ सालमा बनेको गठन आदेश मार्फत कानुन बन्ने व्यवस्थाले शक्ति पृथकीकरणको सिद्धान्तको मान्यता अनुरूप काम कारबाही अघि बढ्न नसकेको बताउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई"** "नेपालको संविधानको धारा ५३ बमोजिमको नेपाल सरकारको वार्षिक प्रतिवेदन, २०७८/७९, महालेखापरीक्षकको साठिऔं वार्षिक प्रतिवेदन, २०७९, "राष्ट्रिय महिला आयोगको पन्धौं वार्षिक प्रतिवेदन, २०७८/७९" र राष्ट्रिय दलित आयोगको दोस्रो वार्षिक प्रतिवेदन, २०७८/७९ सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रतिवेदनहरू सभा समक्ष पेस गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले, **"मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०"** माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउनुहुँदै उक्त विधेयक सभा समक्ष पेस गर्न माननीय

कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त विधेयक सभासमक्ष पेस गर्नुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक आजै १६ मिनेट पछि बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव